# कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यबिधि, २०७४

(नगर कार्यपालिकाबाट पारित मितिः २०७४/११/१२)

**पृष्ठभूमि :**

बारबर्दिया नगरपालिका कृषि प्रधान क्षेत्र भईकन पनि यहाँको कृषि प्रणालीमा हालसम्म न्यून मात्रामा कृषि यन्त्र उपकारणहरुको प्रयोग भएको पाईन्छ । ९० प्रतिशत भन्दा बढी जनसंख्याको मुख्य पेशा कृषि रहेको यस नगरपालिकाको कृषि पेशालाई आधुनिकरण गरी व्यवसायीक एवम् प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रिकरण गर्न आवश्यक छ । युवा जनशक्ति विदेश पलायन हुनु तथा कृषि श्रमिक अन्य पेशामा संलग्न हुनुले कृषि मजदुरको अभाव एवम् मँहगीको कारणले कृषि उत्पादनमा लागत बृद्धि भई कृषि कार्य कम आकर्षित भएको पाईन्छ तसर्थ कृषि यन्त्र उपकरण प्रयोगमा प्रोत्साहन गर्नू अति आवश्यक छ । बिगतका बर्षहरुमा नेपाल सरकार, कृषि बिभाग, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय हरिहरभवनले समेत कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७० (प्रथम संशोधन २०७१), २०७३ जारी गरी कृषि यन्त्र खरिदमा केही हदसम्म अनुदान उपलब्ध गराउदै आएको थियो । दिनानुदिन कृषि श्रमिक विदेशीई कृषि पेशा नै प्रभाबित भएको अबस्थामा यस पेशालाई आधुनिक, व्यवसायिक एवम् प्रतिस्पर्धी बनाउन र उत्पादन लागत घटाउन यस बारबर्दिया नगरपालिकाको आर्थिक बिकास समिति अन्तर्गत कृषि बिकास शाखाबाट कृषि यन्त्र यान्त्रिकरणमा आंशिक अनुदानको व्यबस्था गरेको छ । यस व्यबस्थाले कृषिमा यान्त्रिकरण भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुनुको साथै उत्पादन लागत घटाई प्रति ईकाई क्षेत्रफलबाट आम्दानी बृद्धि भई यस क्षेत्रको समग्र आर्थिक बिकासमा योगदान गर्ने बिश्वास लिईएको छ । कृषकहरुलाई कृषि पेशामा प्रोत्साहन गर्न आ.ब. ०७४।७५ को बार्षिक स्वीकृत कृषि बिकास कार्यक्रम अनुसार कृषि यान्त्रिकरणको लागि कृषि यन्त्र, औजार र उपकरण अनुदान कार्यक्रम संचालनार्थ एवं भावी दिनहरुमा बारबर्दिया नगर क्षेत्रका कृषकहरुलाई कृषि यन्त्र औजार उपकरण खरिदमा अनुदान दिई कृषकहरुलाई प्रोत्साहन गर्न वान्छनिय भएकोले आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ११४ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यबिधि, २०७४ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम बारबर्दिया नगरपालिका कृषि शाखाद्वारा कृषि यन्त्र उपकरण खरिदमा कृषकहरुलाई दिईने अनुदान कार्यक्रम संचालनार्थ “कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यबिधि, २०७४” रहेको छ ।

(ख) यो कार्यविधि आ.ब. २०७४/७५ को दोस्रो चौमासिकबाट लागू हुनेछ ।

**२. उद्देश्यहरु :** यस कार्यक्रमका देहाय वमोजिमका उदेश्यहरु रहेका छन् ।

क) कृषकहरुलाई कृषि यान्त्रिकरण प्रयोगमा प्रोत्साहन गर्ने ।

ख) प्रति इकाई क्षेत्रफलमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने तथा बाली उत्पादन लागत घटाउने ।

ग) युवा जनशक्तिलाई कृषिमा आकर्षण गराउने ।

घ) कृषिलाई आधुनिकरण, व्यवसायीक एवम् प्रतिस्पर्धात्मक बनाई नगर क्षेत्रका कृषकहरुको आयश्रोतमा बृद्धि गर्ने ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**क)** **"कृषि यन्त्र उपकरण"** भन्नाले यस कार्यविधिको अनुसूचि–१ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई जनाउंनेछ ।

**ख)** **"अनुदान"** भन्नाले कृषक, कृषक समूह, कृषि उद्यमी/फर्म वा कृषक सहकारी, संघ, संस्था, समितिलाई स्वीकृत कार्यक्रम अनुरुप कृषि यन्त्र खरिद मूल्यमा दिईने अनुदान सम्झनु पर्दछ ।

**ग)** **"उपभोक्ता"** भन्नाले अनुदानमा कृषि यन्त्र, उपकरण लिन ईच्छुक कृषक वा कृषि व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना/दर्ता भएको कृषक समूह, कृषि उद्यमी/फर्म, कृषक सहकारी, संघ, संस्था, समिति, सञ्जाललाई जनाउँदछ ।

**घ)** **"कृषक"** भन्नाले आफ्नो जीविकोपार्जनको लागि मुख्य पेशा कृषि अंगालेको कुनै एक प्राकृतिक व्यक्तिलाई सम्झनु पर्दछ ।

**ङ)** **"कृषक समूह"** भन्नाले व्यवसायिक रुपमा कृषि गर्न कृषकहरु मिली सम्वन्धीत निकायमा दर्ता गरिएको कृषकहरुको समूहलाई जनाउने छ ।

**च)** **"संघ/संस्था"** भन्नाले सहकारी ऐन २०४८ वा संस्था दर्ता ऐन २०३४ वा प्रचलित कानून वमोजिम कृषि पेशा व्यवसायलाई प्रवर्द्धन गर्ने उदेश्यले गठित संस्था, व्यवसायिक कृषिको लागि कम्पनी वा उद्योग वा घरेलुमा दर्ता भई संचालन भएको कम्पनी/उद्योग/फर्म तथा नियमानुसार दर्ता भएको समिति वा संजाल समेतलाई जनाउने छ ।

**छ)** **"नगरपालिका"** भन्नाले बारबर्दिया नगरपालिकालाई जनाउँदछ ।

**ज)** **"शाखा"** भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतको कृषि बिकास शाखालाई जनाउँदछ ।

**झ)** **"समिति"** भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतको आर्थिक बिकास समितिलाई जनाउँदछ ।

**ञ)** **"वडा"** भन्नाले बारबर्दिया नगरपालिका अन्तर्गतका वडा कार्यसमितिको कार्यालयलाई जनाउँदछ ।

**ट)** **"कार्यक्रम"** भन्नाले बारबर्दिया नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रमलाई जनाउँदछ ।

**ठ)** **"आपुर्तिकर्ता वा श्रोतकेन्द्र"** भन्नाले अनुसूचि–१ मा उल्लेखित कृषि यन्त्र उपकरणहरु उपलव्ध गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट, डिलर आदिलाई जनाउँदछ ।

**ड)** **"वारेन्टी/ग्यारेन्टि"** भन्नाले कृषि यन्त्र आपूर्तिकर्ताले निश्चित अवधि/शर्त अन्तर्गत कृषि यन्त्र खरिदको साथमा उपभोक्तालाई थप मूल्य नलिई उपलब्ध गराईने सेवा वा बिग्रीएको सामान साटने/फिर्ता गर्ने कार्यलाई जनाउदछ भने उक्त अर्थले सर्भिसिङ्ग, मर्मत आदि समेतलाई समेटदछ ।

**ढ)** **"होम डेलिभरी"** भन्नाले कृषि यन्त्र आपूर्तिकर्ताले उपभोक्ताको घरमै कृषि यन्त्र पुऱ्याउने कार्यलाई जनाउँदछ ।

ण) **"बिक्री पश्चातका सेवा (After Sales Services"** भन्नाले आपूर्तिकर्ताले उपभोक्तालाई कृषि यन्त्र उपकरण बिक्री पश्चात निशूल्क रुपमा प्रदान गर्ने सेवा वारेन्टि, ग्यारेन्टि, सर्भिसिङ्ग, संचालन सम्बन्धि तालिम, होम सर्भिस आदिलाई जनाउदछ ।

त) **"समन्वय समिति"** भन्नाले नगरपालिकाको कृषकहरुको हक, हित, ब्यवसायीकताका लागी गठन भएको नगरस्तरिय कृषक समन्वय समितिलाई जनाउँदछ ।

थ) **"कृषि बिकास समिति"** भन्नाले नगरपालिकाको कृषि नीति अनुसार गठन भएको नगर कृषि बिकास समिति समितिलाई जनाउँदछ ।

द) **"पर्चा/पम्प्लेट" (Leaflet/Pamplet)** भन्नाले अनुदानमा दिइने औजार उपकरणहरुको बिस्तृत जानकारी सहीतको विवरण वा Catalog or Leaflets लाई जनाउँदछ ।

**४. बजेटको व्यवस्थाः** यस कार्यविधि अनुसार कार्यक्रमको लागि बजेटको व्यवस्था देहाय वमोजिम हुनेछ ।

क) नेपाल सरकारबाट स्थानिय निकायलाई प्राप्त बित्तीय समानीकरण बजेट अन्तर्गत नगर परिषदबाट स्वीकृत कृषि बिकास कार्यक्रम अनुसार कृषि यन्त्र उपकरण औजार खरिदमा दिईने अनुदान रकम ।

ख) नगरपालिकाको आन्तरिक श्रोत तथा अन्य स्वीकृत बजेट ।

**५. अनुदानको ब्यवस्था :** बजेटबाट अनुदान प्रवाह तथा उपयोग गर्दा देहाय वमोजिम गरिने छ ।

क) कृषि उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउन उपभोक्ताको माँग बमोजिम अनुसूचि–१ अनुसार क्रप स्टावलिस्मेन्ट (Crop Establishement) देखि बाली कटानी (Crop Harvesting), चुटानी (Threshing), प्रशोधन (Processing) आदिमा प्रयोग हुने कृषि यन्त्र, औजार, उपकरण (ट्रेक्टर वा कम्बाईन हार्भेष्टर बाहेक) आदि खरिदमा बढीमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिने छ । सोको लागी अनुदान बजेट कृषि बिकास कार्यक्रम तर्फ बिनियोजन गरिनेछ ।

ख) यस कार्यबिधि वमोजिम अनुदान प्रवाह गर्न माँग आवेदन छनौट, आपूर्तिकर्ता छनौट, अनुगमन निरिक्षण आदिका लागी आवश्यक रकमको समेत ब्यबस्था गर्न सकिने छ ।

## परिच्छेद २
## कार्यक्रम संचालन

**६. उपभोक्ताबाट माँग संकलन :** उपभोक्ताहरुबाट कृषि यन्त्र उपकरण खरिदमा अनुदान प्राप्तिका लागी देहाय बमोजिम माँग आवेदन संकलन गरिनेछ ।

शाखा/नगरपालिकाले कृषि यन्त्र उपकरण खरिदमा अनुदान प्रवाहका लागी आवश्यकतानुसार ७ दिन देखि ३० दिनसम्मको समय दिई अनुदानमा कृषि यन्त्र माँग आवेदन सम्बन्धि सूचना जारी गर्नेछ । तोकिएको म्याद भित्र यथेस्ट माँग आवेदन प्राप्त हुन नसकेको खण्डमा पुनः सूचना जारी गरी माँग आवेदन संकलन गर्न सक्नेछ । शाखाले सूचना प्रवाह वडा कार्यालय, समन्वय समिति, समिति मार्फत कृषकहरु समक्ष पुऱ्याउनेछ साथै आवश्यकतानुसार संचार माध्यमबाट समेत सूचना प्रवाह गर्न सक्नेछ । तोकिएको म्याद भित्र नगरपालिकाका उपभोक्ताहरुबाट अनुदानमा कृषि यन्त्र उपकरण माँग गरी आवश्यक कागजात संलग्न राखी अनुसूची ५ बमोजिम वा हस्त लिखित निवेदन नगरपालिका/शाखामा दर्ता गर्नुपर्नेछ ।

**७. माँग आवेदनहरुको छनौट :** कृषि यन्त्र खरिदमा अनुदान प्राप्तिका लागी नगरपालिका/शाखामा दर्ता हुन आएका माँग आवेदनहरुको देहाय बमोजिम छनौट हुनेछ ।

क) माँग आवेदनहरुको शाखाले लिष्ट तयार गर्नेछ ।

ख) तयार लिष्टहरुको बारेमा समन्वय समितिको बैठकमा छलफल गरिनेछ ।

ग) ब्यवसायीक कृषि पेशा अपनाएको, न्यून आयश्रोत भएको, कृषि यन्त्र उपकरण बढी भन्दा बढी परिचालन गर्नसक्ने, समूहमा आवद्वता, श्रृजनशिलता आदिको आधारमा कृषि यन्त्र उपकरण खरिदमा अनुदान प्रवाहको लागी स्वीकृत बजेट तथा स्वीकृत दररेटको आधारमा उपभोक्ताहरु छनौट गरिनेछ।

घ) आवेदकहरुको स्थलगत अनुगमन निरिक्षण गरी आवश्यकतानुसार प्रतिवेदन प्रस्तुत गर्न देहाय बमोजिम कृषि यन्त्र

अनुदान परिचालन छनौट उप-समिति गठन गरी परिचालन गर्न सकिनेछ।

अ) समितिको तर्फबाट १ जना संयोजक

आ) समन्वय समितिको तर्फबाट बढीमा ३ जनासम्म सदस्य

इ) कृषि शाखाको तर्फबाट सदस्य सचिव

उपरोक्त उपसमितिले आवश्यक ठानेमा वडा कार्यसमिति वा अन्यको सहयोग लिन सक्नेछ।

ङ) आवेदकहरुको अन्तिम छनौट : छनौट उपसमितिले पेश गरेको प्रतिवेदन/लिस्टको आधारमा आवेदकहरुको अन्तिम नामावली छनौट गर्नको लागी देहाय बमोजिम कृषि यन्त्र अनुदान उपभोक्ता छनौट समिति रहने छ। समितिले आवश्यक ठानेमा नगर कृषि बिकास समितिमा पेश गरी अनुमोदन गराउन सक्नेछ।

अ) संयोजक, आर्थिक बिकास समिति

आ) अध्यक्ष, कृषक समन्वय समिति

इ) कृषि शाखा

ई) आवश्यकतानुसार आमन्त्रित, सदस्य

छनौट समितिले बैकल्पिक आवेदकहरु समेतको अन्तिम लिस्ट तयार गर्नेछ तोकिएको समयमा मुख्य आवेदकले कृषि यन्त्र उपकरण खरिद नगरेमा बैकल्पिक आवेदकहरुलाई कृषि यन्त्र उपकरण खरिदका लागी सूचित गरिनेछ।

**८. उपभोक्ताका लागी शर्त तथा आचार संहीता :** कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमका शर्तहरु तोकिएका छन्।

क) अनुदानमा प्राप्त गरेको कृषि यन्त्रहरु एक वर्ष भित्र संचालन नगरेमा नगरपालिकाले उक्त कृषि यन्त्रमा प्रदान गरिएको अनुदान रकम सम्बन्धित आवेदकको जायजेथाबाट असुल उपर वा कृषि यन्त्र नै फिर्ता गरी गरी अर्को सम्भाव्य कृषक/संस्था/कृषक समूह/कृषि उद्यमी लाई उपलब्ध गराउन सक्नेछ। सो कार्य गर्दा उपभोक्ताको लगानी फिर्ता हुने छैन।

ख) अनुदानमा कृषि यन्त्र उपकरणहरु प्राप्त गरेको कृषक/संस्था/कृषक समूह/कृषि उद्यमी संस्था विघटन भएमा अनुदान उपलब्ध गरिएका सम्पूर्ण सामाग्रिहरु स्वत नगरपालिकाको स्वामित्वमा आउने छ।

ग) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन।

घ) अनुदान प्राप्त गरेको कृषि यन्त्र उपकरणहरुको बारेमा सूचना प्रदान गर्ने उत्तरदायीत्व उपभोक्ताको हुनेछ।

ङ) अनुदान प्राप्त गरेको कृषि यन्त्र उपकरणको मर्मत सम्भार, रेखदेख तथा उचित परिचालनको सम्पूर्ण जिम्मेवारी उपभोक्ताको हुनेछ। अनुदान प्राप्त कृषि यन्त्र उपरकणको गैर कृषिमा प्रयोग, दुरुपयोग एवं ५ बर्षसम्म बेच बिखन गर्न समेत पाईनेछैन सो गरेको पाईएमा नगरपालिकाले सरकारी बाँकी सरह मानि असूल उपर गर्न सक्नेछ।

च) उपभोक्ताले नगरपालिकाले छनौट गरेका आपूर्तिकर्ताबाट मात्र स्वीकृत दररेटमा कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ ।

छ) उपभोक्ताले अनुदान बाहेक आफूले व्यहोर्ने रकम आपूर्तिकर्तालाई भुक्तानी दिई तोकिएको समय भित्र कृषि यन्त्र उपकरण खरिद गरि लिने । समयमा खरिद नगरेको खण्डमा शाखाले अन्य बैकल्पिक उपभोक्तालाई कृषि यन्त्र खरिदका लागी सिफारिस गर्नेछ ।

ज) अनुदान प्राप्त गर्नको लागी : १) उपभोक्तासँग कम्तिमा १० कठ्ठा जग्गा भएको प्रमाण (जग्गाधनि लालपूर्जा प्रतिलिपी) पेश गर्नु पर्नेछ । जग्गा आवेदक/उपभोक्ताको नाममा नभई एकाघरका परिवारको नाममा भएमा नाता खोल्ने परिचयपत्र वा नाता प्रमाणित कागजात हुनुपर्नेछ । अधिया वा लिजमा लिएको भएमा सम्बन्धित जग्गाधनीको जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी र करारनामा संलग्न राख्नु पर्नेछ ।

२) अनुदान प्राप्त गर्ने कृषक/कृषक समूह/संस्था कृषि पेशा व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

३) सम्बन्धित वडा कार्यालयको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

४) संस्थागत भएमा संस्थाको प्रमाणपत्र एवं संस्था कार्य समितिको निर्णय प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५) नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

६) जग्गाको आधिकारीकता (जग्गाधनि प्रमाणपूर्जा) नभएका सुकुम्बासी, भूमिहीनको हकमा भोगचलनको अधिकार वा जग्गा/बसोबास आधिकारीक प्रमाण पेश गर्नुपर्नेछ ।

**९. कृषि यन्त्र उपकरण आपूर्तिकर्ता/श्रोतकेन्द्र छनौट :** नगरपालिकाले कृषि बिकास कार्यक्रम तर्फको बार्षिक स्वीकृत कृषि व्यवसायीकरण कार्यक्रम, कृषि यान्त्रिकरण आयोजना बमोजिम छनौट भएका उपभोक्ताहरुलाई कृषि यन्त्र उपकरणहरु आपूर्ति व्यवस्था मिलाउनको लागी श्रोतकेन्द्र तोक्ने प्रयोजनार्थ नगरपालिकाले उपभोक्ताहरुको माँग र कृषि यन्त्र प्रयोग सिजनको आधारमा १५ दिन देखि ३० दिनसम्मको म्याद दिई बिस्तृत प्रस्ताव आब्हान सम्बन्धि सूचना पत्रिकामा प्रकाशन गर्नुपर्नेछ । तोकिएको म्याद भित्र नगरपालिकामा दर्ता हुन आएका आपूर्तिकर्ताहरुको प्रस्ताव छनौटका लागी देहाय बमोजिम कृषि यन्त्र आपूर्तिकर्ता/श्रोत केन्द्र छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत, बारबर्दिया नगरपालिका
अध्यक्ष

ख) स्टोर/जिन्सी शाखा, बारबर्दिया नगरपालिका
सदस्य

ग) आर्थिक प्रशाशन शाखा, बारबर्दिया नगरपालिका
सदस्
य

घ) कृषि बिकास शाखा प्रमुख, बारबर्दिया नगरपालिका
सदस्य सचिव

नोटः समितिले आवश्यक महशुस गरे अनुसार सम्बन्धित अन्यलाई आमन्त्रण गर्न सक्नेछ । साथै समितिले आवश्यक ठानेमा प्राविधिक कार्यदल गठन गरि परिचालन गर्न सक्नेछ ।

**१०. आपूर्तिकर्ता/श्रोतकेन्द्र प्रस्ताव छनौट समितिको काम कर्तब्य** : समितिको देहाय वमोजिमको काम, कर्तव्य र अधिकार हुने छ

क) प्राप्त प्रस्तावहरुको आधारमा आपुर्तिकर्ताहरुको भौतिक, आर्थिक, प्राविधिक क्षमता, दक्षता र विक्री पछिका सेवा (After Sales Services), न्यूनतम मूल्ल दररेट आदिका आधारमा आपूर्तिकर्ता छनौट गरी श्रोतकेन्द्र तोक्ने ।

ख) प्राप्त प्रस्तावमा पेश भएका यन्त्र उपकरणहरुको ब्राण्ड (Brand), मोडेल (Model), क्षमता (Capacity/Horse Power), न्यूनतम मुल्य (Lowest Rate), बनेको देश र उत्पादक (Manufacturing Country and Manufacture) आदिको आधारमा उपयुक्त कृषि यन्त्र औजार उपकरण पहिचान गर्ने ।

ग) आपूर्तिकर्ताको स्वीकृत प्रस्ताव, उपभोक्ताको माँग तथा स्वीकृत बजेट अनुसार अनुदानमा बितरण गर्ने कृषि यन्त्र उपकरणहरुको संख्या र किसीम निर्धारण गर्ने ।

घ) कार्यक्रम संचालनमा राय तथा सल्लाह सुझाव दिने ।

**११. आपूर्तिकर्ता/श्रोतकेन्द्र प्रस्ताव छनौट प्रकृया :** नगरपालिकाले सूचना आब्हान गरिसकेपछि कृषि यन्त्र उपकरण आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताले तोकिएको म्याद भित्र अनुसूचि २ बमोजिमको निवेदनको ढाँचामा आवश्यक कागजात संलग्न राखी अनुसूचि ३ बमोजिमको प्राविधिक तथा अनुसूचि ४ बमोजिमको आर्थिक प्रस्ताव अलग अलग २ वटा खाममा सिलबन्द गरी पेश गर्नुपर्नेछ । सर्वप्रथम प्राविधिक प्रस्ताव खोलिनेछ प्राविधिक प्रस्ताव छनौट पूर्णाङ्क १०० लाई आधार मानि मूल्याँकन गरिनेछ जस अन्तर्गत स्थानिय स्तरमा सेवा प्रदान गर्ने आपूर्तिकर्ता (अंक भार २०- बारबर्दिया नगरपालिका २०, नगरक्षेत्र बाहेक बर्दिया जिल्ला १८, अन्य जिल्ला १५ अंक), बिगत ३ बर्षको आर्थिक सबलता वा अडिट रिपार्ट (अंक भार २०- ३ बर्षको अडिट रिपोर्ट २०, २ बर्षको अडिट रिपोर्ट १५, १ बर्षको अडिट रिपोर्ट १० अंक), आपूर्तिकर्ताको प्राविधिक जनशक्ति बिवरण (अंक भार २०-४ वा ४ जना भन्दा बढी मेकानिक्स २०, २ वा २ भन्दा बढी मेकानिक्स ४ जनासम्म १५, २ जना भन्दा कम मेकानिक्स १० अंक), आपूर्तिकर्तासँग भएको कृषि यन्त्र तथा स्पेयर पार्टसको स्टक तथा आपूर्ति दिनसक्ने परिमाण (अंक भार १५- लक्ष्य अनुसार १५, कम भए १० अंक), आपूर्तिकर्ताको कृषि यन्त्र सम्बन्धि अनुभव (अंक भार १०- बिगत २ बर्ष भन्दा अधिकको उत्कृष्ट भए १०, २ बर्ष भन्दा कम भए ५ अंक, नभए ० अंक), कृषि यन्त्र उत्पादक वा मुख्य आयातकर्ताको मोडेल र क्षमता अनुसारका Specification अनुसारको कृषि यन्त्र (अंक भार १५- माँग बमोजिम उत्कृष्ट भए अंक १५, सामान्य भए १०, अन्य भए ० अंक) गरी अंकभार बिनीयोजन गरी मूल्याँकन गरिनेछ । कूल ८० प्राप्ताङ्क प्राप्त गर्ने आपूर्तिकर्ताहरुको प्राविधिक प्रस्तावमात्र आर्थिक प्रस्ताव मूल्याँकनको लागी छनौट हुनेछ । प्राविधिक प्रस्ताव छनौट भएका आपूर्तिकर्ताकोमात्र आर्थिक प्रस्ताव खोलिनेछ । कृषि यन्त्र उपकरणहरुको ब्राण्ड (Brand), मोडेल (Model), क्षमता (Capacity/Horse Power), बनेको देश र उत्पादक (Manufacturing Country and Manufacture), स्थान बिशेष अनुसार उपयुक्तता, बिक्री पश्चातका सेवा, फ्रि स्पेयर पार्टस, न्यूनतम मुल्य (Lowest Rate) आदिको आधारमा आर्थिक प्रस्ताव मूल्याँकन गरिनेछ । प्राविधिक र आर्थिक दुबै प्रस्ताव छनौट भएका आपूर्तिकर्तालाईमात्र कृषि यन्त्र आपूर्तिकोलागी श्रोतकेन्द्र तोकिनेछ । उपभोक्ताको माँग बमोजिम

ब्राण्ड (Brand), मोडेल (Model), क्षमता (Capacity/Horse Power) का कृषि यन्त्रहरुमा मात्र अनुदानको व्यवस्था हुनेछ । उपभोक्ताको माँग नभएका कृषि यन्त्र उपकरणमा नगरपालिका अनुदान प्रवाह गर्न बाध्य हुने छैन ।

**<u>१२. आपूर्तिकर्ता/श्रोतकेन्द्रको कर्तब्य तथा आचार संहीता</u> :** कार्यक्रम कार्यान्वयनका लागि श्रोतकेन्द्र तोक्ने प्रयोजनार्थ दररेट स्वीकृत आपूर्तिकर्ताका लागी देहाय बमोजिमका शर्तहरु तोकिएका छन् ।

क) आफूले कबूल गरेको दररेट, फ्रि औजार, वारेन्टि, ग्यारेन्टि, फ्रि सर्भिस, होम डेलिभरी लगायतका सुविधाको साथमा अनुसूचि ८ बमोजिम शाखाको सिफारिसको आधारमा उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराउने ।

ख) अनुदानमा बिक्री गरिएको कृषि यन्त्र उपकरणमा अनुसूचि ११ बमोजिम अनुदानको बिवरण देखिने गरी सूचना टाँस गरि मात्र कृषि यन्त्र प्रदान गर्ने ।

ग) बिक्री गरेको कृषि यन्त्र संचालन तथा प्रयोग सम्बन्धि उपभोक्तालाई प्रारम्भिक तालिम निशुल्क प्रदान गर्ने तथा कृषि यन्त्र परिचालन सम्बन्धि उपभोक्तालाई सल्लाह, सुझाव र अभिमुखिकरण गराउने ।

घ) अनुदानमा बिक्री बितरण गरेको बिवरण राख्ने ।

ङ) उपभोक्ताहरुको कृषि यन्त्र सम्बन्धि गुनासो समाधान गर्ने ।

च) कृषि यन्त्र उपकरण बिग्रीएको खण्डमा फिल्डमा मेकानिक परिचालन गरी मर्मत सेवा उपलब्ध गराउने ।

छ) शाखाको सिफारिस बिना अनुदानमा कृषि यन्त्र उपकरण उपभोक्तालाई उपलब्ध नगराउने । अन्यथा नगरपालिका भुक्तानी दिन बाध्य हुनेछैन ।

ज) आपुर्तिकर्ताले स्वीकृत दररेट भन्दा अधिक मूल्य लिन नपाउने तथा तोकिएको अनुदान रकम बाहेक उपभोक्ताले ब्यहोर्ने रकम स्वयंले उपभोक्ताबाट असुल उपर गर्ने । उधारो, बक्यौता वा उपभोक्ताबाट अनुदान बाहेकको रकम असुलीमा नगरपालिका जिम्मेवार हुनेछैन ।

झ) उपभोक्ताले कृषि यन्त्र उपकरणको बीमा, नम्बर दर्ता वा अन्य आवश्यक प्रकृया अपनाउन चाहेमा सहजीकरण गरिदिने ।

**<u>१३. कार्यक्रम कार्यान्वयन प्रकृया:</u>** नगरपालिकाको स्वीकृत बजेट, स्वीकृत कृषि यन्त्रहरुको दररेट तथा उपभोक्ताहरुको माँग अनुसार अनुसूची १ बमोजिमका कृषि यन्त्र उपकरणहरु खरिदमा अनुदान प्रवाहका लागी छनौट भएका उपभोक्ताहरुलाई शाखाले कृषियन्त्र उपकरणहरुको स्वीकृत दररेटको बारेमा जानकारी गराउनु पर्नेछ । सो पश्चात उपभोक्ताले अनुसूचि ६ (क) वा ६ (ख) बमोजिम फाराम भरी नगरपालिकासँग अनुसूचि ७ बमोजिम सम्झौता गर्नुपर्नेछ । तत् पश्चात शाखाले उपभोक्ताले रोजेका ब्राण्ड (Brand), मोडेल (Model), क्षमता (Capacity/Horse Power) अनुसार कृषि यन्त्र बढीमा ५० प्रतिशत अनुदानमा खरिदको लागी अनुसूचि ८ बमोजिम आपूर्तिकर्ताकोमा उपभोक्तालाई सिफारिस गर्नेछ । यसरी शाखाको सिफारिस लिई उपभोक्ता आपूर्तिकर्ता समक्ष जानु पर्नेछ । उपभोक्ताले ब्यहोर्ने रकम तिरी कृषि यन्त्र बुझिलिएको भर्पाई समेत गरी सम्बन्धित आपूर्तिकर्ताहरुबाट उपभोक्ताले कृषि यन्त्र खरिद गरी लिनेछ । नगरपालिकाले ब्यहोर्ने अनुदान रकम आपूर्तिकर्ताले नगरपालिका समक्ष शोधभर्ना भुक्तानी माँग गर्नेछ, भुत्तानी माँग गर्दा आपूर्तिकर्ताले उपभोक्ताले कृषि यन्त्र उपकरण बुझेको भर्पाई, अनुसूचि १० बमोजिम अनुदानमा बिक्री बितरण गरेको

उपभोक्ताहरुको एकिकृत बिवरण समेत संलग्न राख्नुपर्नेछ । भुक्तानी पटक पटक वा एकै पटक दुबै हुन सक्नेछ । भुक्तानी दिदा नगरपालिकाले अनुदान रकमको १.५ % अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनेछ । आपूर्तिकर्ताको धरौटी वापतको रकम धरौटीको मान्य अवधि समाप्ति पश्चात वा आर्थिक बर्षको अन्त्यमा कृषि यन्त्र उपकरण सम्बन्धि उपभोक्ताको गुनासो नआएमा शाखाको सिफारिस लिई फुकुवा/फिर्ता गरिनेछ । आपुर्तिकर्ताको कारणले उपभोक्ताको कुनै हानी नोक्सानी वा क्षति हुन गएमा आपूर्तिकर्ता स्वयं जिम्मेवार हुनेछ । कार्यक्रम संचालनको प्रकृया -

१. अनुसुची– १ मा उल्लेखित कृषि यन्त्र, औजार, उपकरणहरुको आपूर्ति ब्यवस्था मिलाउन श्रोतकेन्द्र तोक्ने प्रयोजनका लागी नगरपालिकाले कृषि यन्त्र औजारहरुको आपूर्ति सम्बन्धि प्रस्ताव माँग गरी सूचना आह्वान गर्ने
२. खण्ड १ अनुसार प्राप्त प्रस्तावहरु मध्ये आपुर्तिकर्ताहरुको भौतिक, आर्थिक तथा मानबीय क्षमता, दक्षता र विक्री पछिका सेवा (After Sales Services), पायक पर्ने बिक्री स्थान, बैङ्क ग्यारेन्टि/धरौटी आदिका आधारमा प्रस्ताव छनौट समितिले प्राविधिक प्रस्ताव छनौट गर्ने छ ।
३. प्राविधिक प्रस्ताव छनौट भएका आपूर्तिकर्ताको आर्थिक प्रस्तावमा पेश भएका यन्त्रहरुको ब्राण्ड (Brand), मोडेल (Model), क्षमता (Capacity/Horse Power), न्यूनतम मुल्य (Lowest Rate), बनेको देश (Manufacturing Country), उत्पादक (Manufacture) आदिको आधारमा उपयुक्त कृषि यन्त्र औजार पहिचान गरि न्यूनतम दररेटका आधारमा प्रस्ताव छनौट समितिले आर्थिक प्रस्ताव छनौट गर्ने छ ।
४. अनुदान दिने प्रयोजनका लागि खण्ड ३ वमोजिम पहिचान गरिएका कृषि यन्त्रको विवरण, छनौट भएको आपूर्तिकर्ता, उपलब्ध हुने स्थान र अनुदान रकमको विबरण तयार गरी सो को जानकारी कृषि शाखाबाट प्रदान/सार्वजनिकीकरण गर्नुपर्नेछ । साथै वडा कार्यालयहरुमा जानकारी प्रदान गरिने ब्यवस्था मिलाउनु पर्नेछ ।
५. अनुदान माँग भै आएका उपभोक्ताहरुबाट कृषि यन्त्र उपकरण खरिदमा अनुदान प्रदान गर्नका लागी कृषि यन्त्र अनुदान उपभोक्ता छनौट समितिले बैकल्पिक लिष्ट सहीत अन्तिम लिष्ट तयारी गर्नेछ ।
६. छनौट भएका उपभोक्ताहरुको अनुसूचि ६ (क) वा ६ (ख) बमोजिम फाराम भराई शाखाले कृषि यन्त्र खरिदका लागी छनौट भएका उपभोक्तहरुसँग अनुसूचि ७ बमोजिम सम्झौता गरी अनुसूचि ८ बमोजिम कृषि यन्त्र आपूर्तिकर्ता समक्ष उपभोक्तालाई सिफारिस गर्नेछ ।
७. अनुसूचि ८ बमोजिमको सिफारिस लिई आउने उपभोक्तालाई आपूर्तिकर्ताले बढीमा ५० प्रतिशत ( सिफारिपत्रमा उल्लेख भए बमोजिम) उपभोक्ताले ब्यहोर्ने रकम लिई कृषि यन्त्र उपलब्ध गराउनेछ ।
८. उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराएको अनुसूचि ९ बमोजिमको भर्पाई, अनुसूचि १० बमोजिमको एकिकृत बिवरण समेत संलग्न राखी आपूर्तिकर्ता/श्रोतकेन्द्रले अनुदानको ५० प्रतिशत रकम शोधभर्ना माँग गरी नगरपालिकामा पेश भए पश्चात शाखाको सिफारिस लिई नगरपालिकाले आपूर्तिकर्तालाई नियमानुसार भुक्तानी दिनेछ ।

**१४. अनुगमन व्यवस्था : कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।**

क) संचालित कार्यक्रमहरुको निर्वाचित प्रतिनिधी, नगर, वडा, शाखा, समिति, समन्वय समितिबाट नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

ख) अनुदान प्राप्त गरी खरिद गरेको उपभोक्ता तथा कृषि यन्त्रहरुको बिवरण शाखाले वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । वडा कार्यालयले अनुदान प्राप्त गरेको कृषि यन्त्रहरुको नियमित अनुगमन गर्नेछ । साथै उपभोक्ताहरुले अनुदान प्राप्त गरी खरिद गरेको कृषि यन्त्र परिचालन तथा प्रगति बिवरण उल्लेख गरी प्रत्येक बर्ष वडा कार्यालयमा प्रगति पेश गर्नु पर्नेछ ।

ग) अनुदान प्राप्त उपाभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान सदुपयोग नभएको वा जनगुनासो पाईएमा चालु हालतमा भएका कृषि औजार उपकरणहरु फिर्ता लिई नगरपालिकाले आवश्यकता अनुरुप अन्यत्र उपलब्ध गराउन सक्नेछ सो गर्दा उपभोक्ताले ब्यहोरेको ५० प्रतिशत रकम समेत उपलब्ध गराईने छैन । एवं चालु हालतमा नभएमा नगरपालिकाले हर्जाना समेत लिई जरिवाना समेत गर्त सक्नेछ ।

**१५. कार्यबिधिको परिमार्जनः** अनुगमन तथा मुल्याङ्कन र अनुभबको आधारमा नगर कार्यपालिकाले यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन, संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**१६. अन्य कुरा** : यस कार्यविधिमा सम्पूर्ण कुरा यसै बमोजिम, आर्थिक ब्यवस्थाको हकमा सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ ।

**१७. अन्तिम ब्याख्या** : यस कार्यविधिको कार्यान्वयनमा द्विविधा उत्पन्न भएमा नगरपालिकाले गरेको ब्याख्या अन्तिम हुनेछ ।

**१८. अनुसूचिमा हेरफेर** : यस कार्यविधिका अनुसूचिहरु नगरपालिकाले हेरफेर गर्न सक्नेछ ।

**१९. बचाउ तथा खारेजी :** नगर कार्यपालिकाले यो कार्यविधि खारेजी वा अन्य मनासिब कुरा बचाउ समेत गर्न सक्नेछ ।

## अनुसूची -१

अनुदानमा उपलब्ध गराउने कृषि यन्त्र औजार उपकरणहरु

| सि.नं. | | मेशिनरीको नाम | अनुदान बढीमा % | कैफियत |
|---|---|---|---|---|
| १. | | पावर टिलर विथ कल्टीभेटर/ह्यान्ड ट्र्याक्टर (Power Tiller) | ५० | |
| | १.१. | हिलोचक्का (Anti Skid Wheel) | ५० | |
| | १.२. | स्पेशल ज्वाईन्ट (Special Joint or Hub connector) | ५० | |
| | १.३. | पावर टिलरद्धारा संचालित सिड ड्रिल/सिड कम फर्टिलाईजर ड्रिल/जिरोटिलेज ड्रिल | ५० | |
| | १.४. | पावर टिलरद्धारा संचालित रिजर/वन्ड फर्मर (Bond Former) | ५० | |
| | १.५. | पावर टिलरद्धारा संचालित रिपर (Reaper ) | ५० | |

| | | | | |
|---|---|---|---|---|
| | १.६. | पावर टिलरद्धारा संचालित आलु रोप्ने मेशिन (Potato Planter) | ५० | |
| २. | | ट्र्याक्टर चालित (Tractor Driven) | | |
| | २.१. | धान थ्रेसर | ५० | |
| | २.२. | गँहु थ्रेसर | ५० | |
| | २.३. | मल्टिक्रप थ्रेसर | ५० | |
| | २.४. | मकै छोडाउने मेशिन (Corn Sheller) | ५० | |
| | २.५. | कल्टीभेटर/डिस्क ह्यारो/ रिजर/ वन्ड फर्मर (Bond Former ) | ५० | |
| | २.६. | सिड ड्रील/सिड कम फर्टिलाईजर ड्रिल/जिरोटिलेज ड्रील | ५० | |
| | २.७. | रिपर (Reaper ) | ५० | |
| | २.८. | आलु रोप्ने मेशिन (Potato Planter) | ५० | |
| | २.९. | आलु खन्ने मेशिन (Potato Digger) | ५० | |
| | २.१०. | लेजर ल्यान्ड लेभलर (Lager Land Laveller) | ५० | |
| | २.११. | रोटाभेटर (S or C type Rotavator) | ५० | |
| ३. | | अन्य कृषि यन्त्रहरु | | |
| | ३.१ | धान रोप्ने मेशिन (Rice Transplanter) | ५० | |
| | ३.२ | झार गोडने मेशिन (Weeder-Hand /Diesel/Petrol) | ५० | |
| | ३.३ | मिनी टिलर (Mini Tiller) | ५० | |
| | ३.४ | रिपर मेसिन (Self Propelled Reaper) | ५० | |
| | ३.५ | रिपर बाईन्डर मेसिन | ५० | |
| | ३.६ | सिंचाई पम्प र मोटर (Irrigation Pumpset & Motors) | ५० | |
| | ३.७ | पावर स्प्रेयर (Power Sprayer) | ५० | |
| | ३.८ | मल छर्ने झोला (Fertilizer Sprader) | ५० | |
| | ३.९ | मकै रोप्ने मेशिन (Maize Planter) | ५० | |
| | ३.१० | अन्न बाली सुकाउने त्रिपाल | ५० | |
| | ३.११ | वा उपभोक्ताबाट माँग भएका आधुनिक कृषि यन्त्रहरु | ५० | |

## अनुसूचि-२

कृषियन्त्र उपकरण आपूर्तिका लागी प्रस्ताव पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बारबर्दिया नगरपालिका, जयनगर, बर्दिया ।

बिषय : कृषि यन्त्र उपकरण आपूर्तिका लागी प्रस्ताव पेश गरेको बारे ।

म/हाम्रो ............जिल्ला .......... न.पा./गा.पा वडा नं........, ........................स्थित ....... ......................................................फर्मले ताँहा नगरपालिको मिति ................. गते ......................पत्रिकामा प्रकाशित सूचना बमोजिम बारबर्दिया नगरपालिकाको "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७४" बमोजिम कृषि यन्त्र उपकरण आपूर्ति गर्न ईच्छुक भएकोले यस निवेदनसाथ तपसिल बमोजिम बिस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरेको छु/छौ । प्रस्ताव स्वीकृत भएमा कार्यविधि बमोजिम कृषि यन्त्र उपकरण आपूर्ति गर्ने प्रतिवद्वता जाहेर गर्दछु/छौं ।

तपसिल :

१) प्राविधिक प्रस्ताव

२) आर्थिक प्रस्ताव

दस्तखत :

नाम :

पद :

प्रस्ताव पेश गर्ने फर्मको नाम :

ठेगाना :

सम्पर्क नम्बर :

मिति :

संस्थाको छाप :

## अनुसूचि–३

### प्राविधिक प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजात

**क) आपुर्तिकर्ताको लागि**

१. फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि

२. फर्मको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

३. गत आ.ब. सम्मको कर चुक्ता प्रमाण पत्र

४. आयात अनुमतिपत्र वा मुख्य आयातकर्ताबाट प्राप्त गरको डिलरशिप (ब्रान्ड अनुसार)

५. कारोवार विवरणको प्रमाणित प्रतिलिपि (पछिल्लो ३ वर्षको लेखा परिक्षण प्रतिवेदन)

६. कृषि औजार उपकरणहरुको Specification खुल्ने Catalogs र Leaflets

७. आर्थिक खरिद नियमावली अनुसार बोलकबुल धरौटी वा बैङ्क ग्यारेन्टि

८. Application form for Selection

## Application form for Selection (A Sample)

1. Firm Name : .......................................................

2. Head Office  Address : ...................

Telephone No: ................................................Fax : .......................

E-mail

3. Responsible Person ..............................................................

Position : ........................

Telephone No: ...........................Mobile No: ......................Fax : ................................

E-mail : ........................

4. Firm Registration No : ....................................... Registered Offic : ......................Date : .........

5. PAN/VAT Registraton No. ..............................., Date : ...........................

6. Business Type Purpose : ................................................

7. Financial Situation of Last Three Years : Please Attach photocopy of Audit Report of Last three Years

8. Human Resource Capability

| S.N. | Name | Position/Designation | Qualification * | Experience | other If any .. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| S.N. | Name | Position/Designation | Qualification * | Experience | other If any .. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

*Attach C.V. & Concern Certificate

9. Dealers/Sub Dealer/Branch/Service Center, Offices in the District:

| S.N. | Firm Name | Address | Contact Person's Name | Contact No. | other |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

10. Main Supplier or Importers Details

| S.N. | Firm Name | Address | Dealing Brand, Company, Manufacturer | Years of Experience |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

11. Availability of Equipments that the firm can supply (for one F. Y.)

| S.N. | Name of Ag.Equipments | Brand | Model | Available in stocks (No.) | Quantity that can be supplied in current F.Y. | other |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

12. Availability of Spare Parts

| S.N. | Parts Name | Quantity (No.) | other If any |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

13. Professional Experience :

14. Specific Experience (Please Submit Supporting documents) :

Note. : It is a sample form. if need more space to clarify any more information about your firm Please attach other pages and documents.

I hereby declare that ahe above mentioned information are true and correct based on relavant document and our knowledge and belief. We are not inelligible to participate in the expression of interest, has no conflict of interest in the proposed procurement proccedings and has not been punished for the profession or business related offence.

# अनुसूचि–४

## आर्थिक प्रस्तावको ढाँचा (कृषि यन्त्र उपकरणको दररेट)

| S. N. | Name of Equipments | Manufacture Company | Brand Name | Model | Capacity/ Power | per unit cost (Including VAT & Tax) | | Free Spare Parts including Tool Box | No. of free Servicing after sales | other If any |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Rate in Figure | Rate in words | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

Point of Delivery :

## अनुसूचि–५

## उपभोक्ताले कृषि यन्त्र उपकरण अनुदानमा प्राप्तिका लागी नगरपालिकामा माँग गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू ⁄ कृषि शाखा प्रमुख ज्यू,
बारबर्दिया नगरपालिका, जयनगर, बर्दिया ।

विषय : ५० % अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउँ ।

म ⁄ हामीलाई व्यवसायीक रुपमा धान,गहुं,मकै,आलु,तरकारी वा मत्स्य उत्पादन वा अन्य.............खेती कार्यमा उत्पादन लागत घटानका लागी कृषि कार्यमा उपयोग गर्न नगरपालिकाको “कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि,२०७४” अनुसार नगरपालिकाको मिति..........................गतेको सूचना बमोजिम ५० % अनुदानमा कृषि यन्त्र उपकरण खरिद गरी परिचालन गर्न ईच्छा भएकोले यो निवेदन पेश गरेका छु ⁄ छौं ।

संलग्न कागजात:

१. नागरिकताको प्रतिलिपी

२. जग्गाधनि प्रमाणपूर्जाको प्रतिलिपी (न्यूनतम १० कट्ठा) वा अधिया ⁄ लिजमा लिएको भए करारनामा र सम्बन्धित जग्गाधनिको जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपी, उपभोक्ताको नाममा जग्गा नभएमा एकाघर परिवार खुल्ने प्रमाण वा नाता प्रमाणित कागजात ।

३.संस्थागत भएमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

४.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

माँग गरेको कृषि यन्त्र उपकरण

१.

२.

३.

दस्तखत: ...........................

निबेदकको नाम :

ठेगाना :

सम्पर्क नं.

संस्थागत भएमा संस्थाको नाम:

पद:

संस्थाको छाप

| पासपोर्ट साइजको दुवै कान देखिने फोटो फोटोमा पर्ने गरी आवेदकले सही गर्ने |
|---|

अनुसूचि ६ (क)

## कृषि यान्त्रिकरण अनुदानको लागि आवेदन फाराम

### (क) निबेदकको विवरणः (व्यक्तिगत प्रयोजनको लागि)

१. नामः- ..........................................................................नागरिकता प्र.प.नं. र जारी मिति ....................................................

२. स्थायी ठेगाना :- न.पा. ................ वडा नं. .......... टोल ..........

३. हालको ठेगानाः न.पा............................... वडा नं. .......... टोल ..........

४. सम्पर्क :- मोवाइल नं. ............................................ फोन नं. .................................इमेल ........

५. पाप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि.नं. | यन्त्रको नाम | ब्रान्ड | मोडेल/साइज | मुल्य रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

६. खरिद गरिने आपुर्तिकर्ता/श्रोत केन्द्रको विबरण

आपुर्तिकर्ता/श्रोतकेन्द्रको नाम :...............................................................

ठेगाना :..........................................................................................

७. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने क्षेत्र :

| सि.नं. | वडा नं. | टोलहरु | व्यवसायीक खेती गर्ने बाली |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

८. नगरपालिकाबाट प्राप्त हुने अनुदान बाहेकको बाँकी रकम कृषि यन्त्र आपूर्तिकर्तालाई नगद तिरी लिन कृषि यन्त्र उपकरण खरिद गर्न सहमत छु ।

मलाई माथी उल्लेखित विवरण अनुसारको कृषि यन्त्र आवश्यक परेकोले नगरपालिकाको “कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७४” बमोजिम ५० प्रतिशत अनुदानमा खरिद गरी परिचालन गर्नेछु, अनुदानमा प्राप्त कृषि यन्त्र कृषि यन्त्र उपकरण अपचलन गरेमा कानुनी कारवाही भोग्न तयार छु । कृषि यन्त्र उपकरण उपलव्ध गराई दिनु हुन अनुरोध गर्दछु ।

निवेदकको सही : ........................................................... मितिः

नाम ठेगाना ........................................

अनुसूचि ६ (ख)

# कृषि यान्त्रिकरण अनुदानको लागि आवेदन फाराम

## (ख) निबेदकको विवरणः (संस्थागत प्रयोजनको लागि)

१. संस्थाको नामः ..........................................................................................

२. संस्थाको ठेगाना : ..........................................................................................

३. सम्पर्क नम्वर : फोन ............................................ फ्याक्स .................................इमेल :...............

४. दर्ता नं. .................................................. दर्ता मिति .................................................

५. दर्ता निकाय ..........................................................................................

६. कार्य क्षेत्र : ..........................................................................................

७. सदस्य संख्याः महिला ................... पुरुष .........................

दलित ....................... जनजाती .......................जम्मा : .............................

८. सम्पर्क व्यक्तिको नाम::- .......................................................................................... पदः.............................................................

मोवाइल नं. ......................................... फोन नं. ............................. इमेल ..................

९. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ............................

अप्रत्यक्ष...................................

१०. कारोवार शुरु मिति ..............................................

११. पाप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि.नं. | यन्त्रको नाम | ब्रान्ड | मोडेल/साइज | मुल्य रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. खरिद गरिने आपुर्तिकर्ता/श्रोत केन्द्रको विबरण

आपुर्तिकर्ता/श्रोतकेन्द्रको नाम :.............................................................

ठेगाना :..........................................................................

१३. प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने क्षेत्र :

| सि.नं. | वडा नं. | टोलहरु | व्यवसायीक खेती गर्ने बाली |
|---|---|---|---|
| | | | |

१४. नगरपालिकाबाट प्राप्त हुने अनुदान बाहेकको बाँकी रकम कृषि यन्त्र आपूर्तिकर्तालाई नगद तिरी लिन कृषि यन्त्र उपकरण खरिद गर्न सहमत छौ । अनुदानमा प्राप्त कृषि यन्त्रको सामुहीक व्यवस्थापन, समुचित परिचालन यस संस्थाले स्वयं नै गर्नेछ ।

मलाई माथी उल्लेखित विवरण अनुसारको कृषि यन्त्र आवश्यक परेकोले नगरपालिकाको “कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७४” बमोजिम बढीमा ५० प्रतिशत अनुदानमा खरिद गरी परिचालन गर्नेछौ, अनुदानमा प्राप्त कृषि यन्त्र कृषि यन्त्र उपकरण अपचलन गरेमा कानुनी कारवाही भोग्न तयार छु । कृषि यन्त्र उपकरण उपलव्ध गराई दिनु हुन अनुरोध गर्नेछौ ।

निवेदकको सही : ...............................................मिति : ........................

नाम ठेगाना : ..........................................

संस्थाको छाप

## अनुसूचि ७

बारबर्दिया नगरपालिकाबाट अधिकतम ५० प्रतिशत अनुदानमा कृषि यन्त्र खरिद तथा परिचालनका लागी उपभोक्ता र नगरपालिका बीच गरिने सम्झौता पत्रको ढाँचा

**बारबर्दिया नगरपालिका, जयनगर, बर्दिया र ............................................................................ बीच बढीमा ५० प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण खरिद तथा परिचालन सम्बन्धि सम्झौता पत्र**

बारबर्दिया नगरपालिका, जयनगर, बर्दिया (जसलाई यसपछी यस लिखतमा प्रथम पक्ष भनीने छ) र बारबर्दिया नगरपालिका वडा नं.........,.....................स्थित/निवासी श्री............................................. ......... ...... ................ का अध्यक्ष/उपाध्यक्ष/सचिव/प्रोपाईटर/सदस्य/कृषक ..................................................... ( जसलाई यस पछी दोश्रो पक्ष भनीने छ) बीच प्रथम पक्षको आ.ब. २०७४/०७५ को बार्षिक स्विकृत कृषि बिकास कार्यक्रम तर्फ, कृषि ब्यवसायीकरण कार्यक्रम, कृषि यान्त्रिकरण आयोजना अन्तर्गत नगरपालिकाको कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यबिधि, २०७४ बमोजिम कृषि कार्यमा प्रयोगका लागी बढीमा ५० प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण खरिद तथा परिचालन सम्बन्धि तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही कार्य सम्पन्न गर्ने गराउने गरी दुबै पक्ष (प्रथम पक्ष र दोश्रो पक्ष) बिच सहमती कायम भएकोले यो सम्झौता गरीएको छ ।

शर्तहरु :

१) दोस्रो पक्षको माँग र प्रथम पक्षको निर्णय बमोजिम दोस्रो पक्षले तपसिल बमोजिम कृषि यन्त्र उपकरण खरिदमा बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने छ ।

तपसिल :

| कृषि यन्त्रको नाम | ब्रान्ड, मोडेल र क्षमता | स्वीकृत मूल्य दर रु. | परिमाण | जम्मा रकम रु. | प्रथम पक्षले ब्यहोर्ने अनुदान रकम रु. | दोस्रो पक्षले ब्यहोर्ने रकम रु. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२) प्रथम पक्षले उपरोक्त कृषि यन्त्र उपकरण खरिदका लागि बढीमा ५० प्रतिशत रकम रु. ..................( अक्षरेपी...................................................) अनुदान उपलब्ध गराउने छ भने दोस्रो पक्षले रु. .....................( अक्षरेपी...................................................) लगानी गरी खरिद कार्य सम्पन्न गर्नु पर्नेछ ।

३) यस सम्झौता पत्रमा दुवै पत्रको हस्ताक्षर भए पश्चात दास्रो पक्षले अनुसूचि ८ बमोजिम प्रथम पक्षको कृषि शाखाको सिफारिस लिई तोकिएको कृषि यन्त्र उपकरण आपूर्तिकर्ताबाट खरिद गरी लिनु पर्नेछ । दोस्रो पक्षले ब्यहोर्ने रकम स्वयंले आपूर्तिकतालाई भुक्तानी दिनुपर्नेछ ।

४) प्रथम पक्षले ब्यहोर्ने अनुदान रकम दोस्रो पक्षले कृषि यन्त्र खरिद गरी लिईसकेपछि आपूर्तिकर्तालाई भुत्तानी दिनेछ ।

५) प्रथम पक्षले जुनसुकै बखत ५० प्रतिशत अनुदान सहुलियत प्रदान गरी बितरण गरिएको कृषि यन्त्र उपकरण अनुगमन तथा निरीक्षण गर्न सक्ने छ । सो क्रममा प्रथम पक्षले माँग गरेको जानकारी एवं विवरण दोश्रो पक्षले अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ । साथै उक्त कृषि यन्त्रमा प्रथम पक्षको अनुदान रकम स्पष्ट रुपमा देखिने गरी सूचना लेखेको हुनपर्नेछ ।

६) दोस्रो पक्षले प्रथम पक्षको अनुदान प्राप्त गरी खरिद गरिएको कृषि यन्त्र उपकरण ब्यवस्थापन, परिचालन तथा मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयंको हुनेछ ।

७) प्रथम पक्षले कृषि यन्त्र उपकरणमा स्वीकृत दररेटमा बढीमा ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराउनेछ । कृषि यन्त्र बीमा, नम्बर दर्ता, थप एटाचमेन्ट उपकरण खरिद आदि जस्ता अन्य शुल्क दोस्रो पक्ष स्वयंले ब्यहोर्नु पर्नेछ ।

८) दोस्रो पक्षले तोकिएको अनुदान घटाई आपूर्तिकर्तालाई तिरी कृषि यन्त्र बुझिलिए पश्चात र प्रथम पक्षले अनुदान रकम आपूर्तिकर्तालाई भुक्तानी गरेपछि उक्त कृषि औजार स्वतः दोस्रो पक्षलाई हस्तान्तरण भएको मानिनेछ ।

९) अनुदान प्राप्त गरी दोस्रो पक्षले खरिद गरेको कृषि यन्त्र उपरकण गैर कृषिमा प्रयोग, दुरुपयोग एवं ५ बर्षसम्म बेच बिखन गर्न समेत पाईने छैन सो गरेको पाईएमा प्रथम पक्षले सरकारी बाँकी सरह मानि असूल उपर गर्न सक्नेछ वा कृषि यन्त्र फिर्ता लिई अन्य कृषकलाई बितरण गर्न सक्नेछ सो गर्दा दोस्रो पक्षले ब्यहोरेको रकम फिर्ता हुनेछैन ।

१०) यस सम्झौतामा परेका शर्तहरु यसै बमोजिम अन्य कुरा प्रथम पक्षको "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि २०७४", प्रचलित ऐन, नियम र प्रथम पक्षका बिद्यमान निती नियम अनुसार हुने छन् ।

११) यो सम्झौता आजैका मिती देखी लागु हुने छ भने प्रथम पक्षबाट सिफारिस लिएको १५ (पन्ध्र) दिन भित्र तोकिएको कृषि यन्त्र खरिद गरिसक्नु पर्नेछ । दोस्रो पक्षले समयमा खरिद कार्य गर्न नसकेमा प्रथम पक्षले यो सम्झौता खारेज गरी अन्य उपभोक्तालाई कृषि यन्त्रमा अनुदान उपलब्ध गराउनेछ ।

१२) दोस्रो पक्षले कार्यबिधिको दफा ८ बमोजिमका आचार संहिता पालना गर्नुपर्नेछ साथै आपूर्तिकर्ताको लागी शर्त तथा आचार संहिता कार्यबिधिको दफा १२ अनुसार हुनेछन ।

१३) यस भन्दा अगाडी गरिएको शर्त सम्झौता तथा सहमति पनि यथावत कायम रहने छन् ।

सम्झौतामा सहीछाप गर्ने :

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : ......................... । ................................... | नाम : |
| पद : ............................... । | |
| कृषक/अध्यक्ष/उपाध्यक्ष/कोषाध्यक्ष/सचिव | |
| कार्यालय : बारबर्दिया नगरपालिका, बर्दिया । | कृषक समूह/सहकारी/संस्थाको नाम/ठेगाना ............. |
| छाप : | छाप : |

साक्षीहरु :

१) ...........................................................................................

२) ...........................................................................................

३)...........................................................................................

ईति सम्बत २०७.. साल ......................गते ........... रोज् ........... मा शुभम ।

# अनुसूचि ८

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, जयनगर बर्दिया
कृषि शाखा
**५ नं. प्रदेश**
नगरपालिकाले छनौट गरेका उपभोक्ताहरुलाई कृषियन्त्र आपूर्तिकर्ता/श्रोतकेन्द्रमा सिफारिस गर्ने ढाँचा

मिति :

श्री ..........................................................................

......................................................................

विषय : ५० प्रतिशत अनुदानजमा कृषि यन्त्र उपलब्ध गराउन सिफारिस गरि पठाइएको ।

श्री ..........................................................................ले मिति ..................................मा यस नगरपालिकामा दिनु भएको कृषि यन्त्र माँग सम्बन्धि निवेदनमा कारवाही भै छनौट भएकाले कृषि कार्यमा प्रयोग हुने तपसिल बमोजिमका कृषि यन्त्र उपकरण यस नगरपालिकाको "कृषि यान्त्रिरकण अनुदान परिचालन कार्यविधि २०७४" अनुसार ५० प्रतिशत अनुदानमा उपलब्ध गराईदिनुहुन सिफारिस गर्दछु । कृषकले ब्यहोर्ने रकम स्वयं आफै सम्बन्धित कृषकबाट असुल उपर गरी बाँकी ५० प्रतिशत रकम नियमानुसार यस नगरपालिकाबाट भुक्तानी लिनु हुन समेत जानकारी गराईन्छ ।

तपसिल :

| सि.न. | कृषि यन्त्रको नाम | ब्रान्ड | मोडेल | स्वीकृत दररेट मूल्य रु. | नगरपालिकाले ब्यहोर्ने अनुदान रकम रु. | उपभोक्ता स्वयंले ब्यहोर्ने रकम रु. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

..........................................

प्रमुख, प्रशासकीय अधिकृत वा कृषि शाखा प्रमुख

बारबर्दिया नगरपालिका, जयनगर बर्दिया

## अनुसूचि ९

## कृषि यन्त्र उपकरण बुझेको भर्पाई

बारबर्दिया नगरपालिका कृषि शाखाको सिफारिस बमोजिम म/हामी .........................................................निवासी. .............................................................अध्यक्ष/उपाध्यक्ष/कोषाध्यक्ष/सचिव/....... ...............................ले......... ...... ...................... ............... आपुर्तिकर्ता/श्रोतकेन्द्रबाट तपसिल बमोजिमका कृषि यन्त्र उपकरण रु.................. (अक्षरेपी .................................................. ) तिरी बुझिलिएको छु। झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला। ईति सम्वत २०७.......साल ............. महिना. ...... गते रोज ......मा शुभम।

बुझिलिनेको नाम :.................................................

ठेगाना :.................................................................

सही : .......................................................

छाप :

बुझाउनेको नाम, ठेगाना :

आपूर्तिकर्ता/श्रोतकेन्द्रको नाम : ....................

दस्तखत : ....................

छाप :

## अनुसूचि १०

आपूर्तिकर्ताले नगरपालिका समक्ष अनुदान रकम शोधभर्ना माँग गर्नका लागी अनुदानमा कृषि यन्त्र बिक्री बितरण गरेको एकिकृत बिवरणको ढाँचा

| क्र.स. | उपभोक्ता कृषक वा संस्थाको नाम | ठेगाना | बुझिलिनेको नाम | बितरण/बिक्री गरेको कृषि यन्त्रको नाम | ब्रान्ड, मोडेल | क्षमता | स्वीकृत दररेट रु. | परिमाण | जम्मा रकम रु. | उपभोक्ताबाट लिएको रकम रु. | नगरपालिका समक्ष माँग गरेको शोधभर्ना रकम रु. | अन्य कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

## अनुसूचि ११

बारबर्दिया नगरपालिकाबाट अनुदान प्राप्त कृषि यन्त्र उपकरणमा देखिने गरी टाँस गरिने सूचनाको बिवरणका

ढाँचा

| |
|---|
| बारबर्दिया नगरपालिका,<br>कृषि शाखाबाट ५० %<br>अनुदान प्राप्त कृषि यन्त्र<br>आ.ब. : २०७..../..... |

आज्ञाले,
शशीधर घिमिरे
प्रमुख प्रशासकीय अधिकृत